# REGIONAL NEWS UNIT

# ALL INDIA RADIO GANGTOK

# NEPALI NEWS BULLETINS

**BROADCAST 18.40HRS** **DATE:29.05.2024**

---

***Loksabha election 6th phase***

लोकसभा चुनाउको छैटौं चरणमा महिला मतदाताहरूको संख्या पुरूष मतदाताहरूको तुलनामा तीन प्रतिशत अधिक रेकार्ड गरिएको छ।

निर्वाचन आयोगले हिजो यस्तो जानकारी दिएको हो।

रिपोर्ट अनुसार गत शनिवार भएको छैटौं चरणको चुनाउमा चौंसठी दशमलउ पञ्चानब्बे प्रतिशत योग्य महिला मतदाताहरूले र एकसाठी दशमलउ पञ्चानब्बे प्रतिशत योग्य पुरूष मतदाताहरूले आफ्नो मताधिकारको प्रयोग गरे।

यी वाहेक तेस्रो लिंगि मतदाताहरूको संख्या अठार दशमलउ सड़सठी प्रतिशत थियो।

---

***Lok sabha 7th phase***

लोकसभा चुनाउको सातौं तथा अन्तिम चरणका लागि प्रचार चरममा छ।

राजनीतिक दलहरूका शीर्ष नेताहरूले जनसभा र रोड शो गरिरहेछन्।

यस चरणमा पहिलो जूनका दिन आठ राज्यका सन्ताउन्न सीटहरूमा भोट

हालिनेछ मतगणना चार जूनका दिन हुनेछ।

---

***Training Mangan***

यता राज्यमा मंगन जिल्लामा आज आम चुनाउ 2024 का लागि मतगणना पर्यवेक्षणकर्ता गणना सहायक र सूक्ष्म पर्यवेक्षकहरूको अन्तिम चरणको प्रशिक्षण सम्पन्न भयो।

मंगन कृषइ विज्ञान केन्द्रको हलमा आयोजित प्रशिक्षण कार्यक्रम अघि जिल्ला निर्वाचन अधिकारी श्रई हेमकुमार छेत्रीले मतगणनाको ड्यूटीमा तैनात अधिकृतहरूसित चुनावी प्रक्रियाका नियमहरू पाला गर्दै निस्ठा र कौशलतापूर्वक कार्य गर्ने आग्रह गर्नुभयो।

प्रशिक्षणमा सहभागी अधिकृतहरूलाई ड्यूटीमा तैनात गर्ने कार्य पहिलो जूनमा हुनेछ ।

---

## ***DC Gangtok Inspection***

लोकसभा र विधानसभा चुनाउको मतगणना मिति नजीकै आएकाले राज्यमा यसको तयारी जोड़तोड़ले भइरहेछ ।

आम चुनाउ 2024 सुनिश्चित गर्न गान्तोकका जिल्ला निर्वचन अधिकारी तथा जिल्लाधीश श्री तुषार जी निखरेले आज बुर्तुक स्थित DIET कालेज वरपरका स्थलहरूको निरीक्षण गर्नुभयो ।

उहाँसित गएका अन्य अधिकारीहरूको टोलीले मोबाइल संग्रह केन्द्रको रूपमा निर्धारित परिसरको आवश्यक सुविधाहरूको कार्य व्यवस्थापन सम्वन्धमा निरीक्षण गरयो ।

यस अवसरमा सुरक्षा व्यवल्था गान्तोक भित्र चुनाउ ड्यूटूमा खटाइएका अधिकृतहरूका लागि बुर्तुक होलिप्याडमा वाहन विसौनी स्थलको प्रवन्धवारे पनि जानकारी लिइयो ।

यसै गरी मतगणना दिवसमा गणना अधिकारीहरूको सुविधाका निम्ति उचित व्यवस्था सुनिश्चित गर्न SCERT परिसरको पनि निरीक्षण गरियो ।

---

## ***International everest day***

डेञ्जोङ शेर्पा संघले राज्यको पर्यटन विभागको सहयोगमा आज सत्तौ अर्न्तरास्ट्रिय सगरमाथा दिवस तथा स्वगीर्य तेञ्जिङ शेर्पाको एक सय दशौं जयन्ती पालन गरयो ।

यस अवसरमा विभिन्न कार्यक्रमहरू आयोजित भए ।

पहिलो चरणमा Hill Walkathon आयोजन भयो ।

पछि गान्तोकको चिन्तन भवनमा आयोजित दोस्रो चरणको कार्यक्रमलाई मुख्य अतिथिको रूपमा सम्वोधन गर्दै मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले सवैभन्दा पहिलो आरोहण गर्ने तेञ्जिङ नोर्गे शेर्पा र एडमण्ड हिलरीको स्मरण गर्नुभयो र भन्नुभयो आफ्नो सपना पूरा गर्नका लागि हामीले उहाँहरूको उल्लेखनीय यात्रावाट प्रेरणा लिनुर्पछ ।

कार्यक्रममा सगरमाथा आरोहीहरू आङ छिरिङ शेर्पा गेल्मु शेर्पा, मणिता प्रधान, फूलमाया तामाङ र काजी शेर्पाको सम्मान गर्नका साथै यसपालिको दशौं श्रेणीको बोर्ड परीक्षामा शीर्ष स्थानमा आउने विद्यार्थी जोर्डन शेर्पालाई  प्रशंसा पत्र प्रदान गरियो ।

यसैगरी आज आयोजित हिल वकाथन विजेताहरूलाई पनि पुरस्कृत गरियो ।

---

## *Former MLA Died*

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले बर्फुङ समस्टिका पूर्व विधायक श्री सोनाम ग्याछोको निधनमा शोक व्यक्त गर्नुभएको छ।

आफ्नो सोशल मीडीया पोस्टमा उहाँले भन्नुभएको छ श्री ग्याछोको सरलका, जनसेवाप्रति समर्पण र बर्फुङका मानिसहरूका लागि अटल प्रतिवध्दताले हाम्रो समुगायसाझ अमिट छाप छोड़ोको छ।

मुख्यमन्त्रीले भन्नुभएको छ विकास, शिक्षा र स्वास्थ्यका पक्षधर श्री ग्याछोको नेतृत्वले सबैलाई प्रेरित गरिरहनेछ।

श्री तामाङले सिक्किमका मानिसहरूको तर्फवाट शोक सन्तप्त परिवारप्रति सम्वेदना प्रकट गर्दै दिवंगत नेताको आत्मशान्तिको कामना गर्नुभएको छ।

---

## *Bailey bridge swept away*

उत्तर सिक्किमको अप्पर जंगुमा हिजो साँझ कनका नदीको जलस्तर वढ़ेकाले यस नदीको झोलुङ्गे पुल बगाएको छ।

यसो हुँदा दुईवटा ग्राम पञ्चायत इकाइहरू साक्योङ पेन्तोङ र तिङभोङ अधिनका दसवटा गाउँका भएका छन्।

क्षेत्रका मानिसहरूले नजीकैको पैदल पुलवाट यात्रा गरिरहे छन्।

---

## *DC Namchi*

नाम्चीकी जिल्लाधीश श्रीमती अन्नपूर्ण आलेले आज मल्ली बजारका तल्लो क्षेत्रहरूको निरीक्षण गर्नुभयो।

उहाँसित नाम्चीका वरिस्ठ पुलिस अधीक्षक डा. टी एन ग्याछो, जोरथाङकी महकुमा अधिकारी सुश्री मोनिका राई, सम्वुकका प्रखण्ड विकास अधिकारी श्रई नीलकान्त भण्डारी र अन्य सम्वन्धित विभागका अधिकृतहरू पनि गएका थिए।

श्रीमती आलेले टिस्टा नदीको बढ्ढो जलस्तरको स्थिति वारे जानकारी लिनुभयो।

तल्लो क्षेत्रका वासिन्दहरूले वर्तमान संकटवारे चिन्ता व्यक्त गर्दै उनीहरूको सुरक्षा सुनिश्चित गर्ने आग्रह गरे।

जिल्लाधीशले क्षेत्रका वासिन्दाहरूको चिन्ता र गुनासोमाथि ध्यान दिएर आवश्यक उपायहरू अप्नाउने सुधाउ दिनुभएको छ।

---